# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

झापा गाउँपालिका,

झापा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७८/७९

च.नं. १३३

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
झापा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
झापा।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः ०७८।७९ | **प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय** | मितिः२०७८।०५।०४

च.नः ११२

**श्री अध्यक्षज्यू,**
**झापा गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**टाघनडुब्बा, झापा।**

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **झापा गाउँपालिका, टाघनडुब्बा, झापाको** आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचाको वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २१ (एक्काइस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. ५९ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ७ लाख ७५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५० लाख ९१ हजार र नियमित गर्नुपर्ने रु. १ लाख १९ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत झापा गाउँपालिकको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# झापा गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६।७७

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो र भरपर्दो विकास, लाभको समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो। नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध, सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. १ मा अवस्थित यो गाउँपालिका अन्तर्गत ७ वडा र ३७ सभा सदस्य रहेका छन्। यो गाउँपालिकाको ९४.१२ वर्ग कि.मी. क्षेत्रफल र जनसंख्या ३४६०१ रहेको छ।

**स्थानिय सञ्चितकोषः-** आर्थिक वर्ष २०७६।७७ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।यस पालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान **(NPSAS)** बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकिकृत वर्षिक प्रतिवेन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एंव विस्तृत विवरण खुलाई सो विवरण प्राप्त हुन सकेन। गाउँपालिकाको यस वर्षको **एकिकृत आर्थिक विवरण** निम्नानुसार रहेको छ।

## झापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
## एकिकृत आर्थिक विवरण

| सि नं. | आय शिर्षक | रकम | जम्मा रकम | सि नं. | व्यय शिर्षक | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | ८०७६०३०५.९० | | संचितकोष खर्च | | |
| | क) बैक | | | १ | **चालु खर्च** | | २१९४१४१००.५८ |
| | संचित कोष | ७००३२३१४.७० | | | १.शशर्त तथा विशेष अनुदान संघ | १५४२०४१८४१६ | |
| | धरौटी खाता | ३६६५४०३.३७ | | | २.शशर्त तथा विशेष अनुदान संघ फिर्ता | ७३३७८१५.४२ | |
| | मर्मत संभारकोष खाता | २८२१७६६.८३ | | | ३.शशर्त अनुदान प्रदेश | १०५००००.०० | |
| | कर्मचारी कल्याणकोष खाता | ५५७२९६. | | | ४.गा.पा शिक्षा | ५४६१४४०.८० | |
| | प्रकोष व्यवस्थापन कोष | ३६८३५२५.०० | | | ५.गा.पा.स्वास्थ्य | १७५७९६९.९५ | |
| २ | **आन्तरिक आय( सडक वोर्ड सहित)** | | **१३२९९३१७.५५** | | ६.गा.पा.चालु | ४९६०२६८९.८३ | |
| ३ | **संघिय सरकारवाट हस्तान्तरीत** | | **३०४४२६०००.००** | | | | |
| | १ समानिकरण अनुदान | ११७८०००००.०० | | | | | |
| | २ शशर्त अनुदान | १६४६२६०००.०० | | २ | **पुजिगत खर्च** | | १५९४०४७९४.०४ |
| | ३ विशेष अनुदान | १००००००.०० | | | १.शशर्त अनुदान संघ | १२३२६८४२.७० | |
| | ४ समपुरक अनुदान | १२००००००.०० | | | १.शशर्त अनुदान संघ फिर्ता | ७५७१५७३ | |
| ४ | **प्रदेश सरकार** | | **२९०७६०००.००** | | २.शशर्त तथा विशेष अनुदान प्रदेश | १०७३९८२७.२८ | |
| | १ समानिकरण अनुदान | ७२२६०००.०० | | | ३.शशर्त तथा विशेष अनुदान प्रदेश फिर्ता | ६०१७२.७२ | |
| | २ शशर्त अनुदान | १०३५००००.०० | | | ४.गा.पा शिक्षा | १२६००००.०० | |
| | ३ विशेष अनुदान | १५०००००.०० | | | ५.गा.पा.स्वास्थ्य | ४९९४६६.०० | |
| | ४ समपुरक अनुदान | १०००००००.०० | | | ६.गा.पा.पुँजीगत | १२९२६१३२८.०४ | |
| ५ | **राजश्व वाडँफाड** | | **६५४०६८९५.७८** | | पेश्की बाँकी शान्ति खनाल जे.भी. | ३००००००.०० | |
| | १.संघिय सरकार | ५८९४५५७८.०२ | | | पेश्की बाँकी नेपाल | १५०००००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्वाधार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | | |
| | २.प्रदेश सरकार (सवारी साधन कर) | ३१६९८७४.३६ | | | **कोष खाता तर्फ** | | ९५९६७८८.३८ |
| | 3.प्रदेश सरकार (मालपोत) | ३२९१४४३.४० | | | कर्मचारी कल्याण कोष | ०.०० | |
| ६ | **अन्य** | ०.०० | १२४९२७६१.३० | | धरौटी फिर्ता | २४८३७७२.५० | |
| | कर्मचारी कल्याणकोष खाता | ०.०० | | ३ | प्रकोप व्यवस्थापन कोष | ७११३०१५.८८ | |
| | मर्मत संभारकोष खाता | | | | मर्मत संभार कोष | ०.०० | |
| | प्रकोष व्यवस्थापन कोष | ८४८०२८३.०० | | | **अन्तरसरकारी अख्तियारी** | | ८६३६७५४३.८३ |
| | सामाजिक विकास मन्त्रालय रु.५०००००।०० | | | | सामाजिक सुरक्षा | ७५६६१२००.०० | |
| | आन्तरिक मामिला तथा कानून मन्त्रालय रु.२००००००।०० | | | | राष्ट्रीय परिचयपत्र तथा पञ्जिकरण चालु | ६९१६७०.०० | |
| | पुँजीगत खर्च खाता( संघीय रा.वा. ) रु४००००००।०० | | | | राष्ट्रीय परिचयपत्र तथा पञ्जिकरण पुँजीगत | १८४००० | |
| | संघिय सरकारवाट हस्तान्तरीत ५०००००।०० | | | ४ | स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ९८३०६७३.८३ | |
| | आन्तरिक श्रोत १४८०२८३।०० | | | | | | |
| | धरौटी खाता | ४०१२४७८.३० | | | **बैंक मौज्दात** | | ११९८७३३९५.१३ |
| ७ | **अन्तरसरकारी अख्तियारी** | | ८६३६७५४३.८३ | | संचितकोष | ७७७३८५५०.८८ | |
| | सामाजिक सुरक्षा | ७५६६१२००.०० | | | धरौटी बाँकी | ५१९४१०९.१७ | |
| | राष्ट्रीय परिचयपत्र तथा पञ्जिकरण चालु | ६९१६७०.०० | | | प्रकोप व्यवस्थापन कोष | ५०५०७९२.१२ | |
| | राष्ट्रीय परिचयपत्र तथा पञ्जिकरण पुँजीगत | १८४००० | | ५ | विविध कोष खाता | ३३७९०६२.८३ | |
| | स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ९८३०६७३.८३ | | | कर्मचारी कल्याण कोष ५५७२९६।०० | | |
| | गत वर्षको पेश्की | | ८५५७६२५ | | मर्मत संभार कोष २८२१७६६।८३ | | |
| | नारायण कु चौलागाइ १७५००० | | | | आन्तरिक अनुदान खाता | १३२२६००० | |
| | सिंह एण्ड ब्रदर्श ९५८००० | | | ६ | बाँडफाड वाट प्राप्त राजस्व खाता | १५२८४८८०।१३ | |
| | दीपक कु राइ २४६२५ | | | | गत वर्षको पेश्की फछर्यौट | | ७०५७६२५.०० |
| | त्रिभुवन आ वि ३००००० | | | | नारायण कु चौलागाइ १७५००० | | |
| | के एम समता जे भी ५३००००० | | | | सिंह एण्ड ब्रदर्श ९५८००० | | |
| | सिद्धकाली इ.विल्डर्स १८००००० | | | | दीपक कु राइ २४६२५ | | |
| | | | | | त्रिभुवन आ वि 300000 | | |
| | | | | | के एम समता जे भी ३८००००० | | |
| | | | | | पेश्की बाँकी के एम समता जे भी | | १५००००० |
| | | | | | सिद्धकाली इ.विल्डर्स 1800000 | | |
| | | | | | **खर्च लेखिएको तर चेक नसाटिएको रकम** | | (१३५६२८५ |
| | | | | | **संचित कोषमा जम्मा गर्ने रकम चालु खर्च खातामा जम्मा भएको** | | (१४७१५१२।६ |
| **जम्मा** | | | ६००३८६४४९.३६ | **जम्मा** | | | ६००३८६४४९.३६ |

कार्यालयको नामः- झापा गाउँपालिका, टाघनडुब्बा, झापा। आर्थिक वर्ष: २०७६।७७

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | |
| २. | **बैङ्क हिसाब मिलान नगरेको:** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयको असार मसान्तको बैंक मौज्दात रु.१३,९१,०४,१३१।४६ र श्रेस्ताको मौज्दात रु.१०,६२,४९,४३१।०१ गरी फरक रु. ३,२८,५४,७००।४५ देखिएको छ।बैंक हिसाब विवरण तयार गरी यकिन हुनु पर्ने देखिन्छ। | | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को पूर्ण रुपमा प्रयोग गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कुन्तीदेवी बुढाथोकीले मिति २०७६।०३।१० गते रु. ३६ करोड १० लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।१० मा पारित भएको छ। स्थानीय तहका प्रमुखले मिति २०७६।०३।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेकोले समयमा दिनु पर्दछ।

५. **चौमासिक पुँजीगत खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। प्रथम चौमाशिकमा रु. १,५२,४८,०००/- दोश्रो चौमाशिकमा रु. ४,९५,१८,०००/- र तेश्रो चौमाशिकमा रु. ८,९३,८१,०००/- खर्च गरेको पाइयो। आर्थिक वर्षको अन्त्य तिर तेश्रो चौमाशिकमा कुल खर्चको ५७.९८ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा अधिक मात्रामा कार्य संचालन गर्दा संचालित कार्यक्रमको प्रभावकारीतामा नकारात्मक असर पर्ने स्थिति रहन्छ। तर्सथ आर्थिक वर्षको अन्त्यमा अधिक खर्च गर्ने कार्यमा नियन्त्रण गरी वार्षिक कार्यक्रम बजेट तथा लक्ष्य अनुसार चौमाशिक रुपमा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। (रु. हजारमा)

| सि. नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १. | विभिन्न शिर्षक | १५४१४७ | १५२४८ | ४९५१८ | ८९३८१ | ५२७४२ |
| | खर्च प्रतिशत | १००% | ९.८९% | ३२.९२% | ५७.९८% | ३४.२१ |

६. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

७. **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । उक्त कोषमा गत विगतको रु.५,५७,२९६/-रकम रहेको विवरण प्राप्त भएको छ।

८. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, ६ वटा कार्यविधि, १ वटा निर्देशिका लगायत ११ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

९. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्यौट</th></tr>
<tr><td></td><td>फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २७८ वटा विवाद र यो बर्ष थप भएको १५५ वटा विवाद गरी कुल ४३३ वटा विवाद दर्ता भएकोमा १२० वटा मात्र फछ्र्यौट भई ३१३ वटा विवाद बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td></td><td>वित्तीय समानिकरण चालु</td><td></td><td></td></tr>
<tr><td>१०.</td><td><u>वितरणमुखी कार्यक्रमः</u> स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानिय वासिन्दाको सहभागिता जुट्ने, स्वय सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानिय स्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने, दिगो विकास वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिइ योजना तर्जुमा गर्नु पर्ने उल्लेख छ। तर पालिकाले खेलकुद, प्रोत्साहन भत्ता, तालिम, मेला पर्व लगायतका कार्यक्रममा भनी चालु शिर्षकबाट रु.३९,३३,५१५। खर्च गरेको देखिएकोमा सो खर्च ऐनले तोकेका शर्त भन्दा बाहिर योजना बनाइ लेखेको हुदाँ आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाइ कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्ने देखिन्छ। यसका केहि उदाहरण निम्नानुसार छन्-
<table>
<tr><th>गो.भौ.नं./ मिति</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>७०/७/५ चालु</td><td>सन्थाल संस्कृति विकास सामाग्री खरिद</td><td>१०००००</td></tr>
<tr><td>८४/७/२६ चालु</td><td>विभिन्न सांस्कृतिक कार्यक्रम</td><td>१३००००</td></tr>
<tr><td>१५५/९/२२ चालु</td><td>अध्यक्ष कप नकआउट क्रिकेट प्रतियोगिता</td><td>३०००००</td></tr>
<tr><td>१५६/९/२२ चालु</td><td>उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम</td><td>२२०९६५</td></tr>
<tr><td>१५८/९/२३ चालु</td><td>अध्यक्ष कप भलिवल प्रतियोगिता</td><td>४०००००</td></tr>
<tr><td>१६२/९/२३ चालु</td><td>अध्यक्ष कप नक आउट फुटबल प्रतियोगिता</td><td>३२००००</td></tr>
<tr><td>२४७/१२/४ चालु</td><td>मेची देखि महाकाली अध्ययन भ्रमण</td><td>२०००००</td></tr>
<tr><td>२६२/१२/९ चालु</td><td>टोल स्तरीय फुटबल खेल</td><td>१०००००</td></tr>
<tr><td>३२३/३/२१ चालु</td><td>बायोस्याण्ड फिल्टर खरिद वितरण</td><td>१०००००</td></tr>
<tr><td>३५८/३/२१ चालु</td><td>सिलाइ तालिम</td><td>१५००००</td></tr>
<tr><td>३८८/३/२९ चालु</td><td>गा.पा डकुमेन्ट्री इस्मा मिडिया प्रा.लि</td><td>१०००००</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>११.</td><td><u>एकै प्रकृतीको दोहोरो कार्यक्रम</u> - (गो.भौ.नं./मिति ४०७/३/३१) - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी निति तथा मार्ग दर्शन २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर प्रोत्साहन वापतको खर्च उपलब्ध गराउने उल्लेख छ। कार्यालयले अति जेष्ठ नागरिक ८४ वर्ष माथी १२७ जना र एकल पुरुष ६० वर्ष माथिका ७० वर्ष मुनिका ५२ जनालाई रु.६०००। का दरले जम्मा रु.१०,७४,०००/- वितरण गरेको छ। यसरी नेपाल सरकारको जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताबाट नै जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण भइसकेकोमा पालिकाबाट उस्तै प्रकृतिको कार्यक्रम बनाइ दोहोरो रुपमा भत्ता भुक्तानी गरेको उचित देखिएन।</td><td></td><td></td></tr>
<tr><td>१२.</td><td><u>आर्थिक सहायताः</u> सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीति मार्गदर्शन २०७५ को बुदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपुर्ति, औषधि उपचार र आर्थिक सहायता वापतको खर्च उपलब्ध गराउने उल्लेख छ।पालिकाले आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बनाइ रु.१००००। सम्मको आर्थिक सहायता दिनका लागि वडा सिफारिस र गा.पा अध्यक्षसंग समन्व्य गरी प्र.प्र.अ</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्यौट</th></tr>
<tr><td></td><td>ले दिन मिल्ने, रु.२५०००। सम्मको सहायताका लागि गा.पा अध्यक्षले वडाको सिफारिसमा दिन मिल्ने र रु.२५०००। देखि १ लाखसम्मको सहायताका लागि कार्यपालिका वैठकको निर्णयको आधारमा दिन मिल्ने व्यवस्था गरी रु.४,७६,२२०। र मृत्यु संस्कार सहायता भनी नीति तथा कार्यक्रममै बजेटको व्यवस्था गरी मृतक परिवारलाई मृत्यु संस्कारका लागि सहायता दिने हिसाबले प्रति परिवार नगद रु.८०००। दिने कार्यक्रम बनाइ जम्मा रु.१५,२०,०००। गरी कुल जम्मा रु.१९,९६,२२०। रकम आर्थिक सहायता भुक्तानी गरेको छ।मापदण्ड बनाएर मात्र यस्तो खर्च गर्नु पर्दछ।</td><td></td><td></td></tr>
<tr><td>१३.</td><td><u>भुक्तानीमा कर</u> - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.१८,५०३/- अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.<br>
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>कार्यक्रम</th><th>विल रकम</th><th>कर प्रतिशत</th><th>कर रकम</th></tr>
<tr><td>२१/६/८ चालु</td><td>वडा नं ७ कर्मचारी बैठक र अतिरिक्त भत्ता</td><td>१४०००</td><td>१५%</td><td>२१००</td></tr>
<tr><td>१५५/९/२२ चालु</td><td>अध्यक्ष कप नकआउट क्रिकेट प्रतियोगिता</td><td>२९९९५५</td><td>१.५%</td><td>४४९९</td></tr>
<tr><td>१५८/९/२३ चालु</td><td>अध्यक्ष कप भलिवल प्रतियोगिता</td><td>१६९६३०</td><td>१.५%</td><td>२५४४</td></tr>
<tr><td>१६२/९/२३ चालु</td><td>अध्यक्ष कप फुटबल प्रतियोगिता</td><td>२४९६९२</td><td>१.५%</td><td>३७४५</td></tr>
<tr><td>२४७/१२/४ चालु</td><td>मेचि देखि महाकाली अध्ययन भ्रमण</td><td>१२८०००</td><td>१.५%</td><td>१९२०</td></tr>
<tr><td>३२१/३/२९ पुँजिगत</td><td>भानुभक्त बजार भित्रको खस्रो ढलान</td><td>३६९५००</td><td>१%</td><td>३६९५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१८५०३</td></tr>
</table></td><td>१८५०३</td><td></td></tr>
<tr><td>१४.</td><td><u>विल भर्पाइ पेश नभएको:</u> आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्नानुसारको भुक्तानी गर्दा बिल भर्पाइ पेश नभइ भुक्तानी गरेकोले प्रमाण पेश हुनु पर्ने रु.<br>
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>कार्यक्रम</th><th>बिल पेश</th><th>भुक्तानी</th><th>विल भर्पाइ पेश नभएको</th></tr>
<tr><td>३२/६/११ चालु</td><td>प्र.प्र.अ गणेश राज कार्की विभिन्न मितिमा भ्रमण खर्च भुक्तानी</td><td>पेश नभएको</td><td>३२८००</td><td>३२८००</td></tr>
<tr><td>१६२/९/२३ चालु</td><td>अध्यक्ष नक आउट फुटबल प्रतियोगिता</td><td>२४९६९२</td><td>३२००००</td><td>७०३०८</td></tr>
<tr><td>३३६/३/११ चालु</td><td>दुर्गा प्रसाद गणेश अपांग व्यक्ति स्वास्थ्य विमा न्या. त. वि. सा.सं संग सहकार्यमा</td><td>पेश नभएको</td><td>७००००</td><td>७००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७३१०८</td></tr>
</table></td><td>१७३१०८</td><td></td></tr>
<tr><td>१५.</td><td><u>वैदेशिक भ्रमण</u> - (गो.भौ.नं ६०/७/३) - दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका अध्यक्ष चिनको ग्वानजाओमा 2019 Hangzhou International sister city Mayor's conference and BRLC council meeting का लागि गाउँपालिका राष्ट्रिय महासंघ नेपालको सिफारिसमा चिन भ्रमणमा हवाइ टिकट वापत रु.५४,८५०।- खर्च गरेको छ । तर वैदेशिक भ्रमाणमा खटाउदाँ नियम अनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>१६.</td><td><u>लगवुक वेगर इन्धन:</u> आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विलभर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न सवारी साधनमा इन्धन प्रयोग गर्दा नियमानुसार इन्धनको लकबुक राखी श्रेस्ता राख्नु पर्नेमा सो नगरी एकमुष्ठ इन्धनको बिल पेश गरेकोले यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ।</td><td></td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|
| १७. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - (गो.भौ.नं २३६/११/२३ र ३४९/३/१७ चालु) - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२,०२,०००। तलब भत्ता भुक्तानी गरेको पाईयो । | | |
| १८. | **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा गरी चालु र पुँजिगत शिर्षकबाट रु.८,३६,१७४। खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन साथै उक्त अनुदान दिएको रकमको सम्बन्धित संस्थाले लेखापरीक्षण गराइ प्रतिवेदन पालिकामा उपलब्ध गराएको देखिदैन । यसका साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | | |

| गो.भौ.नं/मिति | संस्थाको नाम | अनुदान | रकम |
|---|---|---|---|
| २८२/२/२ चालु | नेपाल रेडक्रस सोसाइटी झापा शाखा | विविध विपद कार्यका लागि अनुदान | १००००० |
| ३६१/३/२२ चालु | कनकाई सहारा सर्पदंश उपचार केन्द्र | प्राविधिक एंवम प्रशासनिक खर्च अनुदान | २४११७४ |
| ३१०/३/२८ पुँजिगत | नेपाल रेडक्रस सोसाईटी | अनुदान एम्बुलेन्स खरिद | २००००० |
| ७१/९/२४ पुँजिगत | देउमाई कृषि सहरकी संस्था | आलु रोप्ने मेसिन खरिद | २९५००० |
| जम्मा | | | ८३६१७४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|
| | **वित्तीय समानीकरण पुँजिगतः** | | |
| १९. | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ३०,९३,२७६/- भुक्तानी दिएको पाईयो ।उदाहरणको लागि कार्यालयले राहत वितरण, जग्गा खरिद, साईकल वितरण, मर्मत र विवध खर्च समेत पूँजिगत बजेट बाट भुक्तानी खर्च भएको देखिन्छ। | | |
| २०. | **निर्माण कार्य मितव्ययी रुपमा नभएको** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ अनुसार सरकारी रकम निकासा दिदा वा खर्च गर्दा नियमितता मितव्यिता, कार्य दक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम संचालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भनी विश्वस्त हुनु पर्ने उल्लेख छ। कार्यालय र उपभोक्ता समिति बिच लागत अनुमानको दरमा सम्झौता भई निर्माण कार्य गराई समितिले पुन निर्माण व्यवसायीबाट गराउने गरेको देखिन्छ। कार्यालयले निर्माण व्यवसायीबाट कार्य गराउदा २० देखि ५० प्रतिशत सम्म घटेर कार्य गर्ने र बचत रकम पून: समितिबाट गराउने गरेको देखियो । जसबाट एउटै कार्यमा दोहोरो नभएको भनी विस्वस्त हुन सकिने अवस्था देखिएन। निर्माण व्यवसायीबाट सोही कार्य नेगोसियसन गरी गराएको भएमा दोब्बर कार्य हुनेमा उपभोक्ताबाट गराउँदा मितव्ययी रुपमा कार्य भएको | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

देखिदैन। अत नियममा भएको व्यवस्था अनुसार निर्माण व्यवसायीबाट छुट भएको रकमको निर्माण कार्य प्रतिस्पर्धात्मक रुपमा गराई मितव्ययी र कार्यदक्ष रुपमा हुने देखिन्छ। यस सम्बन्धमा सम्बन्धीत निकायको ध्यान जानु पर्दछ।

२१. **<u>बहाल कर दाखिला</u>** — आयकर ऐन २०५८ दफा ८८ र ८९ अनुसार कट्टा गरिएको अग्रिम कर १ महिना भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सक्नु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न मितिमा गाडी भाडा,मेसिन भाडा, आदिमा असुल गरेको भाडा कर रकम रु.७,८८,४१४/- आन्तरिक राजश्व खातामा दाखिला नगरी पालिकाको संचित कोष खातामा दाखिला गरेको देखिन्छ उक्त रकम नियम अनुसार संघिय राजश्व खातामा दाखिला हुनु पर्ने रु. — **बेरुजू रकम: ७८८४१४**

२२. **<u>उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य</u>** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले रु.९४,७५,४७०। लागत अनुमान भएको बहुवर्षिय चर्च पश्चिम सानो माइ खोलामा पक्कि पुल निर्माण योजनामा मु.अ.कर ओभरहेड कन्टिन्जेन्सी समेत रु.१,२६,८२,८१९।९७ लागत अनुमानमा पालिकाले रु.८१,३६,०६३। बेहोर्न्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो । जसमा यस वर्ष रु.८१,३६,०६३। खर्च लेखेको छ । तसर्थ सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान | मु.अ.कर, ओभरहेड कन्टिजेन्सी समेत हुने लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| २७३/२०७७/३/१९ | चर्च पश्चिम सानो माई खोलामा पक्कि पुल निर्माण कार्य | ९४७५४७० | १२६८२८१९.९७ | ८१३६०६३ |

२३. **<u>सम्झौता अनुसार कार्य नभएको</u>** - उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र उपभोक्ता समिति बीच रु.५,५१,८४,५०३।- को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु.२,०३,९१,८१८।- को मात्र कार्य भएको पाईयो । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुनुका साथै आ.व.२०७७।७८ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं./मिति | उपभोक्ता/ठेकेदार | कामको विवरण | सम्झौता रकम | यो वर्ष खर्च | हाल सम्मको काम |
|---|---|---|---|---|---|
| १०५/११/२ | समुदायका लागि आवास निर्माण उ.स. | भवन निर्माण | २६६१९८७ | २६६१२३७ | पिलर सम्म मात्र |
| १४१/१२/२ | समुदायका लागि आवास निर्माण उ.स. | भवन निर्माण | १७०३६७२ | ९९४०८९ | पिलर सम्म मात्र |
| ३३१/३/३१ | अमरपथ सडक शान्ती खनाल जे.भि. | सडक कालोपत्रे | १४९६०१३२ | ८३९१५६६ | कार्य पुरा नभएको |
| ३२९/३/३० | ग्रामथान निर्माण उ.स. | भवन निर्माण | ८१३१५ | ७०००० | पिलर सम्म |
| ३००/३/२५ | हस्पिटल सितुमारी यस ए यस जेभि | कालो पत्रे | २२०७६२६९ | १३६१३५४ | कार्य पुरा नभएको |
| २४७/३/२ | शान्ती भवन निर्माण | भवन निर्माण | ६२७७९५ | ४५०००० | दण्डीको पिलर मात्र |
| १९०/२/११ | सामुदायिक आवास निर्माण उ.स. | भवन निर्माण | २७६८४६६ | १३२५४६२ | पिलर सम्म |
| १९४/२/२० | सानो कन्काई झोलुङ्गे पुल उ.स. | झोलुङ्गे पुल निर्माण | ३६४५२५३ | १४८२५५२ | पिलर सम्म |
| २३७/२/२९ | सामुदायिक आवास निर्माण | भवन निर्माण | ४०४६२११ | १७२३०९९ | पुरा कार्य नभएको |
| २२३/२/२६ | जेष्ठ नागरिक चौतारी भवन निर्माण | चौतारी निर्माण | १६९७९६८ | १०७८००० | डिपिस पिलर सम्म |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | उ.स. | | | | सम्म |
| २११/२/२३ | शिवालय मन्दिर निर्माण उ.स. | मन्दिर निर्माण | ५५४३८३ | ५५४८९० | पिलर सम्म |
| २०३/२/२२ | कन्काई किर्तन मन्डली भवन निर्माण उ.स. | भवन निर्माण | ३६१०५२ | २९९५६९ | पुरा कार्य नभएको |
| **जम्मा** | | | **५५१८४५०३** | **२०३९१८१८** | |

२४. <u>**मूल्य अभिवृद्धि कर कट्टी**</u> - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.६,१७,७९१। कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु. ६१७७९१

| गो.भौ.नं./मिति | उपभोक्ता/ठेकेदार | कामको विवरण | भुक्तानी रकम | मु.अ.कर रकम | ५०% मु.अ.कर |
|---|---|---|---|---|---|
| २/६/२ | समता कन्ट्रक्सन | सडक कालोपत्रे | १९७८२३५ | २५७१७० | १२४७२७ |
| ३/६/२ | जय लक्ष्मी निर्माण सेवा | बाटो मर्मत | १०४३९७० | १३५७१६ | ६७८५८ |
| १२/६/९ | समता कन्ट्रक्सन | सडक कालोपत्रे | ४९१२४० | ६३८६१ | ३१९३० |
| ३०/६/३० | समता कन्ट्रक्सन | सडक कालोपत्रे | २९९३४६४ | ३८९१५० | १९४५७५ |
| ३२/७/१ | ई कोइल प्रा.लि. | स्टेसनरी खरिद | ३५३८०० | ४५९९४ | २२९९७ |
| ३९/७/२४ | अवेदुल कन्स्ट्रक्सन | सडक निर्माण | १७७००० | २३०१० | ११५०५ |
| ५८/८/२७ | फेरदा निर्माण सेवा | सडक निर्माण | २२३४०७ | २९०४२ | १४५२१ |
| ८८/१०/२१ | गणपती स्टील एण्ड आल्मोनियम | रुम पार्टेसन | १२७९०४ | १६६२७ | ८३१३ |
| १०४/११/१ | ए पि सप्लायर्स | फर्निचर खरिद | ४४२००० | ५७४६० | २८७३० |
| ३३३/३/३१ | अवेदुल कन्स्ट्रक्सन | सडक मर्मत | २२७२५६ | २९५४३ | १४७७१ |
| ३२८/३/३० | पाथिभरा कालि कन्स्ट्रक्सन | सडक मर्मत | ११७३९९ | १५२६१ | ७६३० |
| ३२६/३/३० | जानकी जेनरल कन्स्ट्रक्सन | खरिद | ३७८९५० | ४९२६३ | २४६३१ |
| ३२०/३/२९ | मिराक हाङ्ग निर्माण सेवा | सडक मर्मत | ६१२१३७ | ४०५७७ | २०२८८ |
| २६५/३/१६ | कम्प्युटर सोलुसन प्रा.लि. | खरिद कार्य | ३३०८०० | ४३००४ | २१५०२ |
| २५५/३/७ | रुद्रमुखी निर्माण सेवा | सडक निर्माण | १४३४५० | १८६४८ | ९३२४ |
| २९०/३/२३ | पाथिभरा अटो लिंक | सवारी साधन अपाची खरिद | २२९११५ | २८९७९ | १४४८९ |
| **जम्मा** | | | **९८७०१२७** | **१२४३३०५** | **६१७७९१** |

२५. <u>**नन्फाइलर**</u> - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. २९,०४२/- समेत रु. २,२३,४०७/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. २९०४२

| गो.भौ.नं./मिति | निर्माण व्यवसायीको नाम | मु.अ.कर दर्ता नं. | भुक्तानी रकम | मु.अ.कर रकम | नन्फाइलर अवधि |
|---|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | ५८/८/२७ · फेरदा निर्माण सेवा · ६०६६०६५३६ · २२३४०७ · २९०४२ · 2075/M/3 | | |
| २६. | **सोझै खरिद/निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद/निर्माण गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद/निर्माण कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद/निर्माण गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद/निर्माण कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद/निर्माण गर्न नहुने एवं एउटा आपूर्तिकर्ता वा निर्माण व्यावसायीसंग एक पटकभन्दा बढी सोझै खरिद/निर्माण गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद/निर्माण गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु. ५१,८९,४८९। को सोझै खरिद/निर्माण गरेको देखियो । | | |

| गो.भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | सामान / कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३२/७/१ | इ कोइल प्रा.लि. | मेशिनरी औजार | ३९९७९४ |
| ३९/७/२४ | अवेदुल कन्स्ट्रक्सन | सडक निर्माण कार्य | १००००० |
| ३९/७/२४ | अवेदुल कन्स्ट्रक्सन | सडक निर्माण कार्य | १००००० |
| ५८/७/२७ | फेरदा निर्माण सेवा | सडक मर्मत कार्य | २५२४५० |
| ८३/१०/८ | पानस सिमेन्ट कंक्रिट प्रा.लि. | ह्युम पाइप खरिद | १२२४२४२ |
| ३२५/३/३० | पाथिभरा कंक्रिट इण्डस्ट्रिज | ह्युम पाइप खरिद | १४५९६२१ |
| ३१३/३/२८ | पाथिभरा कंक्रिट इण्डस्ट्रिज | विद्युत पोल खरिद | ३५२४१३ |
| १०४/११/१ | सपि सप्लायर्स | फर्निचर खरिद | ४९९४६० |
| ३२६/३/३० | जानकी जेनरल सप्लायर्स | विद्युत सामाग्री | ४२७७०५ |
| २६५/३/१६ | कम्प्युटर सोलुसन | मेसिनरी औजार | ३७३८०४ |
| **जम्मा** | | | **५१८९४८९** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| २७. | **सवारीसाधन खरिद** - (गो.भौ.नं २९०/३/२३) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनीएकोमा केन्द्रीय सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले अपाची १ थान दुई पांग्रे सवारि साधन पाथिभरा अटो लिंकबाट खरिद गरी रु.२,५४,८००/-खर्च गरेको छ । | | |
| २८. | **निर्माण सामाग्री प्रयोग नभई बाँकी रहेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) अनुसार खरिद भएको निर्माण सामाग्री पूरै जडान तथा मुल्यांकन नभएको अवस्थामा मौज्दात रहेको निर्माण सामाग्रीको मुल्य घटाई जडान भएको सामाग्रीको मात्र भुक्तानी खर्च लेख्नु पर्ने उल्लेख छ। कार्यालयबाट खरिद भएको, उपभोक्ताले निर्माण कार्यमा प्रयोग गर्न खरिद गरेको विलमा उल्लेखित सामानको परिमाण नापी कितावमा उल्लेख नभएकोले उक्त सामाग्री फरक परेको सम्बन्धमा एकीन हुनु पर्ने देखिन्छ। | | |

| गो.भौ.नं./मिति | उपभोक्ता/ठेकेदार | कामको विवरण | खरिद परिमाण | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|
| १३/६/९ | टिविएस कन्सट्रक्सन | ह्युम पाईप खरिद | ६ थान | ६ थान | ६६६०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३२४/३/३० | पाथिभरा कंक्रिट इन्डस्ट्रिज | ह्युम पाईप खरिद | १०७ | १०७ | १४५९६२१ |
| ३१३/३/२८ | पाथिभरा कंक्रिट इन्डस्ट्रिज | विद्युत पोल खरिद | ६५ थान | ६५ थान | ३५२४१३५ |
| जम्मा | | | | | १८७८६३४ |

२९. **भेरियसन-** संम्झौताको बुँदा नं. १२ मा शुरु लागत अनुमानमा कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्ने, यसरी लागत अनुमान संसोधन नगरी कार्य गरेमा उपभोक्ता समिति नै जिम्मेवार हुने उल्लेख छ। साथै सार्वजनिक लेखा समितिको निर्देशन र सडक विभागको परिपत्र अनुसार आइटम वाइज भेरिएसन वेगर भुक्तानी नगर्न निर्देशन दिएको अवस्थामा सम्झौता अनुसार उपभोक्ता समितिलाई अन्तिम भुक्तानीमा लागत अनुमान संसोधन तथा भेरियसन स्वीकृती वेगर २१ उपभोक्ता समितिलाई भुक्तानी भएको रु. २५,२९,१४४/- सम्बन्धमा सुधार हुनु पर्दछ।

३०. **वहाल कर नपुग कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८(५क) अनुसार सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई सवारी साधनको भाडा वापत भुक्तानी गर्ने रकममा १.५ प्रतिशतले कर कट्टी गर्ने व्यवस्था छ। यसै प्रावधानलाई आधार बनाई देहाय अनुसारका निर्माण व्यवसायीले उपभोक्ता समितिलाई डोजर भाडामा लगाई भुक्तानी गरेको रकममा १.५% प्रतिशत मात्र स्रोतमा मात्र कर कट्टी गरेको छ। डोजर भाडामा लगाउने निर्माण व्यवसायी सवारी साधन भाडामा दिने व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति भएको प्रमाण पेश नगरेको तथा सम्बन्धित मेसिन उपकरणको स्वामित्व सम्वन्धी प्रमाण नराखी उपभोक्ता समितिबाट भाडाको रकम भुक्तानी लिएको पाइएकोले प्रमाण पेश हुन पर्ने रु.

१९०५३७

| गो.भौ.नं./मिति | उपभोक्ता समिति | निर्माण व्यवसायी | विल रकम | मेसिन भाडा ८.५% |
|---|---|---|---|---|
| ७६/१०/५ | खयरवारी मेचेगाउँ सम्म बाटो उ.स. | अवेदुल कन्सट्रक्सन | २३८९५० | २०३११ |
| ९४/१०/२३ | दुर्गाचोक पश्चिम बाटो मर्मत उ.स. | एलेक्स कन्सट्रक्सन | ११८५९० | १००८० |
| ११०/११/११ | रानीवन सिमसार क्षेत्र सडक उ.स. | फेरदा निर्माण सेवा | ४४२५० | ३७६१ |
| १११/११/११ | वगान सम्म बाटो निर्माण उ.स. | रुद्रमणी निर्माण सेवा | ७९६५० | ६७७० |
| ११३/११/१२ | भृकुटीचोक पूर्व जाने बाटो मर्मत उ.स. | पार्वती अम्बिका कन्सट्रक्सन | ३५४०० | ३००९ |
| १२०/११/२१ | खैरुलको घर दक्षिण पैनी सडक उ.स. | शम्भुवावा विल्डर्स | ७७८८० | ६६२० |
| १३४/११/२९ | हरिलाल ठाकर टोल सामुदायिक भवन उ.स. | मिराहाङ निर्माण सेवा | ५९०४६ | ५०१९ |
| ३३२/३/३१ | वडा नं. ४ मर्मत संभार उ.स. | टिविएस कन्सट्रक्सन | ५३१०० | ४५१४ |
| ३१६/३/२८ | गणेशस्थान उ.स. | एन्जला कन्सट्रक्सन | १२३९० | १०५३ |
| ३०५/३/२६ | ज्योतिषी मार्ग निर्माण उ.स. | एन्जला कन्सट्रक्सन | २६५४८ | २२५७ |
| ३०३/३/२५ | श्यामसुन्दर टि गार्डेन उ.स. | मिराहाङ निर्माण सेवा | ७२३३० | ६१४८ |
| २८३/३/२२ | १८ नं. पिलर सम्म बाटो मर्मत उ.स. | अवेदुल कन्सट्रक्सन | २४७८० | २१०६ |
| २५१/३/४ | अमर सिंह मार्ग बाटो निर्माण उ.स. | पाथिभरा कालिका कन्सट्रक्सन | ४४१६१५ | ३७५३७ |
| १९४/२/२० | सानो कन्काई नदिमा झोलुंगे पुल उ.स. | पाथिभरा कालिका कन्सट्रक्सन | ७००९२ | ५९५८ |
| २३९/२/२९ | जलिगाछी सिमा बाटो ग्राभेल उ.स. | रुद्रमणी निर्माण सेवा | १४८६८० | १२६३८ |
| २३२/२/२८ | सेन्ट जेभियर्स स्कुल बाटो ग्राभेल उ.स. | पाथिभरा कालिका कन्सट्रक्सन | १२१४२ | १०३२ |
| २३०/२/२८ | वडा नं. ३ सिमाना सम्म ग्राभेल उ.स. | फेरदा निर्माण सेवा | ६३७२० | ५४१६ |
| ८/६/८ | तियो शर्माको घरदेखि सडक निर्माण उ.स. | - | ३५४०० | ३००९ |
| ९/६/९ | रानी साझेदारी वन उ.स. | - | १२३९०० | १०५३२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १८/६/१२ | हुना निरौला घर देखि सडक निर्माण उ.स. | - | १८१७७ | १५४५ |
| १४७/१२/४ | जनक जि.को.घ.प.२ र ३ नं वडाको सि.को. बाटो. मर्मत उ.स | फेरदा निर्माण सेवा | १३२७५० | ११२८४ |
| १५६/१२/६ | लो.को.घ.दे.छ.को घर सम्म बाटो ग्राभेल | फेरदा निर्माण सेवा | ३४५१५ | २९३४ |
| १५८/१२/६ | कृषि मार्ग अधुरो सडक ग्राभेल | पाथिभरा कालिका कन्सट्रक्सन | ८५८४५ | ७२९७ |
| १५९/१२/९ | पैनीवाध निर्माण सत्यनारायण बाध मर्मत संहार झाटी | फेरदा निर्माण सेवा | ३५४०० | ३००९ |
| १६५/१/३१ | गोपाल बस्नेतको कित्ता दक्षिण सानोमाइ नहरसम्म बाटो ग्राभेल | आर.पि निर्माण सेवा | ५३१०० | ४५१४ |
| १८२/२/६ | राजेन्द्रको घरदेखि वडा ५ सीमानासम्म बाटो ग्राभेल | फेरदा निर्माण सेवा | ७७८८० | ६६२० |
| १९६/२/२१ | जानकी मार्ग बाटो ग्राभेल | एम.वि.ए निर्माण सेवा प्रा.ली | ३५४०० | ३००९ |
| १९८/२/२१ | सेसनको घरदेखि दक्षिण महेशको घर पूर्व बाटो ग्राभेल उ.स | आर.पि निर्माण सेवा | ३००६० | २५५५ |
| | **जम्मा** | | | **१९०५३७** |

३१. **<u>उपभोक्ता समितिको कार्य निर्माण व्यवसायीबाट गराएको:</u>** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) अनुसार उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्नेछ भनी उल्लेख छ। कार्यालयसंग सम्झौता भएका अधिकांश उपभोक्ता समितिले आफुले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराएको देखिन्छ। यसरी उपभोक्ता समितिले लागत अनुमानको दरमा सम्झौता गरी निर्माण व्यवसायीबाट कार्य गराउँदा नियमावली विपरित देखिन्छ।यसरी २६ उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराई रु.८४,५४,६८४। भुक्तानी खर्च लेखेकोमा सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ।

३२. **<u>वितरणमुखी कार्यक्रम</u>** — स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यको आधारमा कार्यक्रम तयार गर्ने स्वीकृत गर्ने र भुक्तानी गर्नु पर्नेमा विभिन्न संघ संस्थालाई अनुदान, तालिम, कार्यक्रम, कृषि, खेलकुद, तलब, आर्थिक सहायता लगायतका शिर्षकमा वित्तीय समानिकरण पुजिगत अनुदानबाट कार्यालयले रु. १३,४९,९२०।- खर्च गरी वितरणमुखी कार्यक्रम संचालन गरेको देखिन्छ। यसका केहि उदाहरण निम्नबमोजिम छन्-

| गो.भौ.नं /मिति | विवरण | रकम |
|---|---|---|
| १५/६/१२ | राधाकृष्ण मन्दिर उ.स.लाई जग्गा प्रासी अनुदान | १२५०००० |
| ७०/९/२३ | भलिवल खेलकुद प्रतियोगिता अनुदान | ७५००० |
| ८०/१०/७ | ईश्वर दाहाल खेलका लागि सामाग्री अनुदान | २४९२० |
| **जम्मा** | | **१३४९९२०** |

३३. **<u>जटिलसंरचना निर्माण</u>** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| गो.भौ.नं./मिति | उपभोक्ता समिति | कामको विवरण | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३३६/३/३१ | जेष्ठ नागरिक भवन निर्माण उ.स. | भवन निर्माण | १८३३००० | १४२४३३४ |
| २७३/३/१९ | चर्च पश्चिम सानोमाई पक्की पुल उ.स. | पुल निर्माण | ९४७५४७० | ८१३६०६३ |

३४. **<u>जनश्रमदान</u>** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकाले उक्त रकम असूल हुनुपर्ने रु.

बेरुजू रकम: २३०७७६

| गो.भौ.नं./मिति | उपभोक्ता समिति | सम्झौता रकम | मुल्यांकन र कार्यसम्पन्न रकम | कार्यालयको प्रतिशत | घटी अनुपातिक बहन गर्नु पर्ने |
|---|---|---|---|---|---|
| १७९/२/२ | जेष्ठ नागरिक भवन निर्माण उ.स. | १८०३०९८ | ४५१५७३ | ४४.३६% | १६८१६५ |
| २६३/३/१५ | कुवाडी ग्रामथान निर्माण उ.स. | ३३८७८३ | २३२७०४ | ५९.०४ % | ६२६११ |
| जम्मा | | | | | २३०७७६ |

३५. **<u>उपभोक्ता म्याद थप र गत वर्षको भुक्तानी</u>** – सार्वजनकि खरिद नियमावली २०६४ को नियम १२० र ऐनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित सेवा प्रदायकले सम्झौताको म्याद सकिन कम्तिमा २१ दिन अगावै सार्वजनिक निकायमा अवधि थपका लागि निवेदन दिनु पर्ने व्यवस्था छ। कार्यालय र उपभोक्ता समितिसंग भएको सम्झौतामा तोकिएको समयमा कार्य सम्पन्न नगरी म्याद नाघेमा रकम भुक्तानी गर्न गाउँपालिका बाध्य हुने छैन भनी उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) बमोजिम रु. १ करोड सम्मको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम कार्य वा सेवा अवधि तोकी सम्झौता गर्नु पर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिसँग सम्झौता गर्दा २०७६ अषाढ मसान्त भित्र कार्य सम्पन्न गरी सक्नु पर्ने भनी उल्लेख छ। तर समयमा कार्य सम्पन्न नभएको जनाई एकमुष्ट कार्य सम्पन्न नभएका योजनाहरुको म्याद कार्यपालिकाबाट निर्णय गराई मिति २०७६/०३/१० को निर्णय अनुसार भनी आश्वीन मसान्त सम्म म्याद थप गरी भुक्तानी खर्च लेखेको देखिन्छ। यसरी नियम विपरित गत वर्षको भुक्तानी बाँकीको विवरण बेगर भुक्तानी खर्च भएको सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानु पर्दछ।

| गो.भौ.नं. | विवरण | लागत अनुमान | मुल्यांकन | भुक्तानी |
|---|---|---|---|---|
| ६/६/८ | राम जानकी मन्दरि निर्माण | १०५१०३ | १०५६०२ | १००००० |
| ७/६/८ | हुलाकी बाटो दक्षिण (श्याम नारायण) | ९०३७४ | ९०३७४ | ८५००० |
| ८/६/८ | तिर्थ शर्माको घर देखि सडक निर्माण | २३१११९ | २३१४०७ | २२०००० |
| ९/६/९ | रानी सामुदायिक वन नालि निकास | १४८८०० | १४८९८९ | १४०००० |
| १०/६/९ | जुडो प्रा.वि. टायल व्लक निर्माण | २११११० | २११११० | २००००० |
| ११/६/९ | झाटी बलुवाथान सुरक्षीत आवास | ६३८८७६ | ६३८८७६ | २२५००० |
| १८/६/१२ | हुमा निरौला घर देखि सडक | २२४२०० | २२४४३४ | २१३००० |
| ३६/७/५ | किसानको लागि साझेदारीमा दुग्ध चिस्यान | १०३१६८३ | १०३१६८३ | ३०८६०४ |
| ३८/७/१९ | साझेदारी आवास निर्माण | ३६०४००० | ३६०७०४३ | ८२८७०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | ६२८५२६५ | ६२८९५१८ | २३२०३०४ | | |

**३६. <u>डीपीआर खर्च</u>** — सार्वजनिक खरिद नियमावली, , २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| गो.भौ.नं./मिति | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| ११५/११/१४ | डि पि आर निर्मण आई ई ई | जियो रिसर्च एण्ड ल्याव प्रा.लि. | १४१०२८० | १४१०२४० |
| ३४७/३/१७ | डि पि आर निर्माण | इसु इन्जिनियरिङ कन्सल्टेन्सी | १२५७६९० | १२५७६९० |
| २६८/३/१७ | डिपिआर निर्माण | इसु इन्जिनियरिङ कन्सल्टेन्सी | १२८६०८५ | ५८९७६० |
| जम्माः | | | ३९५४०५५ | ३२५७६९० |

**३७. <u>बढी भुक्तानी</u>** — सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (१) अनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक मुल्यांकनको आधारमा भुक्तानी खर्च लेख्नु पर्ने उल्लेख छ। बढी भुक्तानी सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

क) श्रृजना वस्ती देखि सिमलबारी बाटो ग्राभेल गर्न रु.१०,००,३४३। को लागत अनुमान स्वीकृत भई मिराकहाङ निर्माण सेवासँग २०७७/१/२ भित्र कार्य सम्पन्न गर्ने गरी २०७६/१०/२ मा सम्झौता भई २०७७/२/११ मा कार्य सम्पन्न भएको र मुल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.९,९३,२९७। मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा रु.९,९६,६३६। भुक्तानी खर्च कन्टिजेन्सी समेत लेखेकोले बढी भुक्तानी असुल हुनु पर्ने रु. — **बेरुजू रकम: ३३३९**

ख) (गो.भौ.नं./मिति ६०/८/३०) - सरणामती खालिङ चोक कालोपत्रे कार्यको लागि रु. १,९३,८७,४६०। को लागत अनुमान स्वीकृत भई रु.८,७७,०९७। कबोल गर्ने समता निर्माण सेवासँग २०७६ आषाढ मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी २०७५/११/१९ मा सम्झौता भई रु.९१,४८,७२३। भुक्तानी खर्च लेखेको देखिन्छ। कन्टिजेन्सी समेत अन्तीम विलको मुल्यांकन रु.९३,७८,९५६। रहेकोमा अघिल्लो विल सम्म रु.८६,०१,८३८। भुक्तानी कट्टा गरी रु.७,७७,११८। भुक्तानी खर्च लेख्नु पर्नेमा रु.७,८६,४२९। भुक्तानी खर्च लेखेकोले बढी भुक्तानी असुल गर्नु पर्ने रु. — **बेरुजू रकम: ९३११**

ग) (गो.भौ.नं./मिति ३३/७/५) - ठेक्का नं. १/०७५/७६ लसुना देखि लसुनागन्ज सम्म सडक कालोपत्रे कार्यको लागि रु.९७,९६,१६२.८७। को लागत अनुमान स्वीकृत भई रु.६४,३५,०१४.९५।- कवोल गर्ने समता कन्ट्रक्सनसँग मिति आषाढ मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७५/११/१९ मा ठेक्का सम्झौता भएको देखिन्छ । तेस्रो रनिङ विल अनुसार कुल कार्य रु.६२,३४,८४२/- को कार्यमा पहिला भुक्तानी रु.३८,२६,४९८।- कट्टा गरी रु.२४,०८,३४४।- मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा रु.२४,१७,६५३। भुक्तानी खर्च लेखेकोले बढी खर्च असुल हुनु पर्ने रु. — **बेरुजू रकम: ९३०९**

**३८. <u>स्वीकृत बजेट भन्दा बढी खर्च</u>** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ को उपदफा ७ (च) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ। तर पालिकाले उपरोक्त कार्यक्रममा स्वीकृत बजेट भन्दा बढी खर्च गरेको रकम समपुरक कोष , मर्मत

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | सम्भार कोष, म्याचिङ्ग फण्ड कोषबाट गरेको देखिन्छ। यसरी मर्मत कोष तथा म्याचिङ्ग फण्डबाट खर्च गर्न नपाउने कार्यक्रममा समेत यसरी खर्च गर्नु र पछि कार्यपालिकाबाट निर्णय गरी अनुमोदन गराउनु नियम संगत नदखिएको केही उदाहरण यस प्रकार छन् । | | |

| ब.उ.शि.नं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | खर्च रकम | बढी खर्च |
|---|---|---|---|---|
| पुँजिगत | सरणामती दयालधाम सडक निर्माण | १५००००० | २३०२४६७ | ८०२४६७ |
| पुँजिगत | पन्चमको काठमिल देखि सडक निर्माण | ७००००० | १२१५०७७ | ५१५०७७ |
| पुँजिगत | सानोभाई खोला आ.सि.सि. पुल निर्माण | ५००००० | ६७२३३६० | १७२३३६० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| ३९. | **कन्टिजेन्सी खर्चमा मु.अ.कर थप** – मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ अनुसार मु.अ.कर विजक जारी भएको अवस्थामा मात्र मु.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मु.अ.कर उठाउन वा असुल गर्न नमिल्ने व्यवस्था छ। कार्यालयले विभिन्न निर्माण व्यावसायीलाई भुक्तानी खर्च लेखेकोमा सोही भौचरमा कन्टिजेन्सी समेत कृतिम खर्च लेख्ने गरेको देखिन्छ। यसरी वास्तविक खर्च तथा कर विजक जारी नभएको अवस्थामा उक्त कन्टिजेन्सी खर्चमा मु.अ.कर समेत थप गरी भुक्तानी खर्च लेखेको नियम विपरीत देखिएकोले उक्त रकम बजेट खर्च बढी भई वास्तविक कारोबारले खुद खर्चको यथार्थता एकिन हुन सकिने अवस्था देखिएन । यसरी वास्तविक खर्च नभएको रकम वजेट खर्च जनाई बढी खर्च देखाउँदाको मौज्दात स्वत बढी हुनु पर्दछ। | | |
| ४०. | **सानो माई खोलामा पुल निर्माण** – ठेक्का नं. १०/०७५/७६ सानोमाई खोलामा पुल निर्माण कार्यको लागि रु.३,५९,०१,६६०.५३। को लागत अनुमान स्वीकृत भई रु.३,०१,३०,१४२।४३ कवोल गर्ने के.एम समता जे.भि. सँग मिति २०७८/३/१८ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७५/३/१८ मा सम्झौता भई तेश्रो विल सम्म रु.२,३२,०५,३४१। भुक्तानी खर्च लेखेको देखिन्छ। निर्माण कार्यको म्याद करिव १ महिना बाकी रहदा सम्म निर्माण कार्य अधुरो नै रहेको र स्थानिय सरोकारवालाले पुल निर्माणबाट प्राप्त हुनु पर्ने सुविधा प्राप्त गर्न नसकेको अवस्था देखिन्छ ।उक्त निर्माण कार्यको अन्य व्यहोरा निम्नानुसार रहेको छ - | | |
| | क) **विमाको प्रमाण पेश हुनु पर्ने:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसार निर्माणस्थल सुम्पिएको मिति देखि निर्माण कार्यको त्रुटी सच्याउने अवधि सम्मको १० लाख माथिको निर्माण कार्यमा निर्माण कार्य, मेसिन, औजार, कामदार, कर्मचारीको विमा गर्नु पर्ने उल्लेख छ। निर्माण व्यवसायीले दोश्रो रनिङ विल २०७६/११/१ बाट भुक्तानी लिदा मात्र रु. ३,००,०००/- विमा वापत भुक्तानी लिएको देखिन्छ। तर सो खर्चको विमा रसिद, विल वेगर भुक्तानी भएकोले सोको विल भरपाई सहित पुरा अवधि विमा भएको प्रमाण पेश गर्नु पर्ने रु. | ३००००० | |
| ४१. | **पेश्की रकम बढी भुक्तानी** – ठेक्का नं. १०/०७६/७७ सरनामति चोक देखि दयालधाम जोड्ने सडक कालोपत्रे कार्यको लागि रु.१,३८,४९,३७०।३८ को लागत अनुमान स्वीकृत भई रु.१,३४,७८,३००। कवोल गर्ने निर्माण व्यवसायी नेपाल पुर्वाधार कन्ट्रक्सनसँग २०७७/११/१० भित्र कार्य सम्पन्न गर्ने गरी २०७६/११/११ मा सम्झौता भई भौ.नं. १३५ मिति २०७६/११/३० बाट रु.२५,००,०००। पेश्की भुक्तानी खर्च लेखेकोमा प्रोभिजनल सम र मु.अ.कर रकम कट्टा गरी पेश्की रकम रु.२३,५६,८८७। मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा रु.२५,००,०००। भुक्तानी भएकोले बढी पेश्की खर्च लेखेको रकम असुल हुनु पर्ने रु. | १४३३१२ | |
| ४२. | **कर विजक सच्याइएको:** (गो.भौ.नं. २६८/३/१७) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । विभिन्न निर्माण कार्यको डि.पि.आर निर्माण कार्यको लागि परामर्श दाता ईशु इन्जिनियरिङ कन्सल्टेन्ट सँग २०७७/१/५ भित्र कार्य सम्पन्न गर्ने गरी रु.१२,५७,६९०। को २०७६/१२/२१ गते सम्झौता भई भौ.नं. २६८/३/१७ बाट रु.५,८९,७६०। छायाप्रति विल राखी रु.५,८९,७६०। भुक्तानी खर्च लेखेको देखिन्छ। कर विजक विलमा कर विजक नं. उल्लेख नभई मु.अ.करमा दर्ता नं. ६०९६२०८५८ बाट जारी | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | रु.१,४४,६९०। मु.अ.कर भुक्तानी भएको रकमको मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने रु. | १४४६९० | |
| ४३. | **बिल भरपाई** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रु. १ लाख घटीका विभिन्न निर्माण कार्य गराई देहाय अनुसार भुक्तानी खर्च लेखेको देखिन्छ।यसरी विना मुल्यांकन, नापी, कार्य सम्पन्न प्रतिवेदन वेगर निवेदनको आधारमा २९ योजनामा रु.१२,६६,६८२। खर्च गरेकोमा यस्ता खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ। | | |
| ४४. | **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायिबाट मु.अ.कर रु.१५,०२,०२०। समेत रु.१,१५,५४,००९। को सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १५०२०२० | |

| गो.भौ.नं./मिति | निर्माण व्यवसायी | विल रकम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|
| ६५/९/१ | सिंह एण्ड ब्रदर्श प्रा.लि. (३०१४७११२७) | ११११२९३९ | १४४६८२ | सक्कल कर विजक पेश नभएको |
| ६३/९/१ | सिंह एण्ड ब्रदर्श प्रा.लि. (३०१४७११२७) | ४०९९४८७ | ५३२९३३ | सक्कल कर विजक पेश नभएको |
| ६४/९/१ | सिंह एण्ड ब्रदर्श प्रा.लि. (३०१४७११२७) | ४०५८१८७ | ५२७५६४ | सक्कल कर विजक पेश नभएको |
| २७१/३/१८ | सताक्षी जय लक्ष्मी जे.भि. (६१३३०७३२५) | २२८३३९६ | २९६८४१ | कर विजक सच्याई ०१ बनाएको |
| | जम्मा | ११५५४००९ | १५०२०२० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| ४५. | **सोधभर्ना नभएको** — स्वास्थ्य संस्था चौकी नभएका वडाहरुमा भवन निर्माण कार्यको लागि स्वास्थ्य केन्द्र भवन निर्माण कार्य गर्न रु.१,०६,१२,९३९। को लागत अनुमान स्वीकृत भई सिद्धकाली इन्टरनेशनल बिल्डर्ससँग २०७६/१०/१२ गते भित्र कार्य सम्पन्न गर्ने गरी २०७६/३/२६ मा ठेक्का सम्झौता भएको र रु.१,०६,६०,६३४। को कार्य मुल्यांकन भई भुक्तानी खर्च लेखेकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सोधभर्ना लिन बाँकी रु.३४,१०,९७०। देखिएकोले उक्त रकम सोधभर्ना प्राप्त गरी हिसाव मिलान हुनु पर्दछ। | | |
| ४६. | **ठेक्का व्यवस्थापन सम्बन्धमा** — सार्वजनिक खरिद ऐन २०६४ को दफा २४ (ङ) मा दफा २६ (६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको वोलपत्र उपर कुनै कारवाही गर्न नहुने व्यवस्था छ। यसै गरी ऐनको दफा २६ (६) मा कुनै बोलपत्र दाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा यस्तो वोलपत्र रद्द गर्नु पर्ने व्यवस्था छ। वोलपत्र मुल्यांकन समितिले विक्री भएका सम्पूर्ण वोलपत्र दाखिला हुन नसक्नुको कारण सहित वोलपत्र खरिदकर्ताहरुसँग जानकारी लिई मिलोपतो भए नभएको यकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र वोलपत्र स्वीकृत गर्नु पर्नेमा सम्बन्धित खरिद कर्ताहरुसँग वोलपत्र पेश नगर्नुको कारण बारे कुनै जानकारी नलिई ठेक्का प्रदान गरेको पाईयो । फलस्वरुप वोलपत्र दाताको संख्या न्युन हुन गई पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन्।<br><br>उक्त निर्माण कार्यको लागत अनुमान र स्वीकृत ठेक्का अंक विच तुलना गर्दा लागत अनुमानको तुलनामा ०.२८% देखि ६.७१ % घटी अंकमा ठेक्का प्रदान गरेको छ। यसबाट पनि वित्तीय प्रस्ताव विच प्रर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भनी एकिन गर्न सकिएन। अत: कानुनले तोकेको व्यवस्था अनुसार वोलपत्रदाता विच मिलोमतो भए नभएको यकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र वोलपत्र स्वीकृत गरी निर्माण कार्य गराउनु पर्ने देखिन्छ। | | |

| क्र.सं | आयोजनाको नाम | ठेक्का नंबर | लागत अनुमान | स्वीकृत ठेक्का रकम | निर्माण सेवा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | हस्पिटल सितुमारी सडक | ३/०७६/७७ | २३५४९७९३ | २१९६९५२० | SAS/सन्तोषी/जयलक्ष्मी | ६.७१ |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्यौट</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>कालोपत्रे</td><td></td><td></td><td></td><td>जे.भी.</td><td></td></tr>
<tr><td>२.</td><td>झापा खानेपानी टेंकी तेकरिया सानोभाई सडक कालोपत्रे</td><td>४/०७६/७७</td><td>१३९७५७४५</td><td>१३६६०४७१</td><td>सिद्धकाली इन्टरनेशनल विल्डर्स</td><td>२.२५</td></tr>
<tr><td>३.</td><td>बगान उत्तर हुलाकी मार्ग सम्म सडक कालोपत्रे</td><td>६/०७६/७७</td><td>१६००३९०६</td><td>१५०५३४२१</td><td>सन्तोषी/जयलक्ष्मी जे.भी.</td><td>५.९३</td></tr>
<tr><td>४.</td><td>खार्मेलीचौक वियर फयाक्ट्रि सडक निर्माण</td><td>८/०७६/७७</td><td>९७१५३८६</td><td>९६८७६१७</td><td>शान्ती निर्माण सेवा</td><td>०.२८</td></tr>
<tr><td>५.</td><td>मदरगाछ बजार वडा कार्यालय सम्म सडक कालोपत्रे</td><td>९/०७६/७७</td><td>१३९०७९५२</td><td>१३८३६४१५</td><td>शान्ती/पाथिभरा जे.भि.</td><td>०.५१</td></tr>
<tr><td>६.</td><td>शरणामती चौक देखि दयालधाम सडक कालोपत्रे</td><td>१०/०७६/७७</td><td>१३८४९३७०</td><td>१३४७८३००</td><td>नेपाल पूर्वाञ्चल कन्ट्रक्सन</td><td>२.६७</td></tr>
<tr><td>७.</td><td>अमरपथ पुर्व झापा बजार सम्म सडक कालोपत्रे</td><td>११/०७६/७७</td><td>१५०५७९०८</td><td>१४९६०१३२</td><td>शान्ती खनाल जे.भि.</td><td>०.६४</td></tr>
<tr><td>८.</td><td>सहित मार्ग सडक कालोपत्रे</td><td>१२/०७६/७७</td><td>४६५६९०६</td><td>४५३८४४३</td><td>नेपाल पूर्वाधार कन्ट्रक्सन</td><td>२.५४</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>४७.</td><td><u>ठेक्का नं. १/०७५/७६</u> - लसुना देखि लसुनागन्ज जाने बाटो सम्म कालोपत्रे कार्यको लागि रु.६५,९३,१४८.४० को लागत अनुमान स्वीकृत भई २०७६/७/१९ भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी समता कन्ट्रक्सन प्रा.लि.संग २०७५/११/१९ मा ठेक्का सम्झौता भएको रु.६१,२०,४५७।— देखिन्छ। कुल कार्य रु. ६०,८९,३९४/- भएकोमा अघिल्लो विल सम्म रु.५३,५७,१६२। कट्टा गर्दा रु.७,३२,२३२।- अन्तिम विलबाट भुक्तानी खर्च लेख्नु पर्नेमा रु.७,४१,२७०।- भुक्तानी भई बढी भुक्तानी भएको रु.९,०३८। असुल हुनुपर्ने रु.</td><td>९०३८</td><td></td></tr>
<tr><td>४८.</td><td><u>विमाको प्रमाण:</u> सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार निर्माण सामाग्री, मेसिन, औजार प्लान्ट, कामदार, कर्मचारीको निर्माणस्थल सुम्पिएको मिति देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गर्नुपर्ने उल्लेख छ। साथै सम्झौतामा समेत विमा वापत रकम व्यवस्था गरी विमा गराएर मात्र कार्य गर्नु पर्ने उल्लेख छ। तर देहायको निर्माण कार्य गर्न सम्झौता भई पहिलो भुक्तानी हुदा समेत विमा गराएको प्रमाण पेश नभएकोले सम्झौता अनुसार कार्य नभएको सम्बन्धमा कार्यलयबाट यकिन हुनु पर्ने देखिन्छ।
<table>
<tr><th>ठेक्का नं.</th><th>निर्माण व्यवसायी</th><th>कवोल रकम</th><th>विमा रकम</th><th>कैफियत</th><th>भुक्तानी</th></tr>
<tr><td>४/०७६/७७</td><td>सिद्दकाली इन्टरनेशनल</td><td>१३६६०४७१</td><td>१०००००</td><td>विमा नभएको</td><td>४५१८८७५</td></tr>
<tr><td>१७/०७५/७६</td><td>के.एस. समता जे.भि.</td><td>३०१२३०१४२</td><td>३०००००</td><td>प्रमाण नभएको</td><td>२३२०५३४१</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>४९.</td><td><u>उपभोक्ता समितिलाई मू. अ. कर</u> - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । पालिकाले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामाग्रीको मुल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ । लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका उपभोक्ता समितिलाई तपसिल बमोजिम भुक्तानी भएको मू.अ.कर रु.७४१२१ । असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विवरण</th><th>ईटा खरिद विल अनुसार रकम</th><th>मुल्यांकन विल अनुसार रकम</th><th>विजक पेश नभएको रकम</th><th>मु.अ.कर बढी</th></tr>
</table>
</td><td>७४१२१</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ९५/१०/२४ | राम जानकी प्रा.वि. घेराबार | ५०८५० | ६५७११ | १४८६१ | १९३१ |
| ३६३/३/३१ | जेष्ठनागरिक भवन निर्माण | - | १२५६०५ | १२५६०५ | १६३२८ |
| ३३५/३/३१ | आवास निर्माण उ.स. | - | १४८५०० | १४८५०० | १९३०५ |
| २६३/३/१५ | कुवाडी ग्रामथान निर्माण | ४५८५८ | ५१८१९ | ४५८५८ | १६७४१ |
| २२६/२/२६ | ईदगाह घेराबार | ३०००० | ४५१३९ | १५१३९ | १९६८ |
| २१९/२/२६ | सिमलवाडी सामुदायिक विद्यालय | २६४५१ | ४८२११ | २१७६० | २८२८ |
| ३६/७/५ | साझेदारीमा दुग्ध चिस्यान केन्द्र | - | ११५५३९ | ११५५३९ | १५०२० |
| **जम्मा** | | | | | ७४१२१ |

**५०.** **गत बर्षको दायित्व** –आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको विवरण म.ले.प.फा.नं. २२१ प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.३,००,६७,२२१।४४ भुक्तानी दिन बाँकी रहेको विवरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७६।७७ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

**५१.** **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाबाट सहमति लिनु पर्नेमा, नलिई २८ वटा निर्माण कार्य तथा योजनामा रु.१८,४४,५९०। भुक्तानी गरेको देखिन्छ।

## गाउँपालिका शिक्षा चालुः

**५२.** **अनुगमन भत्ताः** (गो.भौ.नं/मिति - २३/३/१५) - गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ को उपदफा १ को अनुसुची १(क) मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, गाउँ कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधाको व्यवस्था गरी सुविधा मै मासिक रुपमा अनुगमन भत्ता पाउने व्यवस्था गरेको छ। साथै कार्यालयमा कार्यरत कर्मचारीहरुले कुनै पनि योजना वा कार्यक्रमको अनुगमन र मुल्याङ्कन गरेवापत भ्रमण खर्च नियमावली २०६४ मा भए अनुसारको दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ । कार्यालयमा रहेका पदाधिकारी वा कर्मचारीहरुले यसरी नियममा भएको व्यवस्था अनुसार क्रमशः मासिक अनुगमन भत्ता वा दैनिक भ्रमण भत्ता लिएपश्चात पनि कुनै पनि योजना वा कार्यक्रमको अनुगमन र मुल्याङ्कन गरेवापत यातायात तथा खाजा खर्च भनी अनुगमन भत्ता लिएको रकम असुल हुनुपर्ने रु. — बेरुजू रकम: १८८५०

| क्र.सं | कर्मचारी / पदाधिकारीको नाम | दिन | रकम कर बाहेक |
|---|---|---|---|
| १. | वडा नं १ अध्यक्ष राज कुमार यादव | ४ दिन | २६०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २. | वडा नं २ अध्यक्ष नेत्र खड्का | १ दिन | ६५० |
| ३. | वडा नं ३ अध्यक्ष मोतीलाल गणेश | १ दिन | ६५० |
| ४. | वडा नं ४ अध्यक्ष राजु भारती | १ दिन | ६५० |
| ५. | वडा नं ५ अध्यक्ष दिनेश प्र. राजवंशी | १ दिन | ६५० |
| ६. | वडा नं ६ अध्यक्ष हरि ब. बानिँया | १ दिन | ६५० |
| ७. | वडा नं ७ अध्यक्ष नेत्र प्रसाद उप्रेती | १ दिन | ६५० |
| ८. | का.पा सदस्य टिका वि.क | १ दिन | ६५० |
| ९. | प्र.प्र.अ. जीवन निरौला | ३ दिन | १९५० |
| १०. | जीवन प्र. ढकाल | ५ दिन | ३२५० |
| ११. | अधिकृत छैटौं हिमाल मिश्र | १ दिन | ६५० |
| १२. | शिक्षा समिति सदस्य याशिन आलम | १ दिन | ६५० |
| १३. | प्रा.स अम्बिका गौतम | २ दिन | १३०० |
| १४. | स्रोत व्यक्ति खड्ग प्र. खरेल | ६ दिन | ३९०० |
| **जम्मा** | | | **१८८५०** |

| | | | |
|---|---|---|---|
| | **संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालुः** | | |
| **५३.** | **<u>वितरण भर्पाइ पेश नभएकोः</u> (गो.भौ.नं १२१-०७७/२/२९)** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कोभिड १९ का कारण विद्यालय बन्द भएको अवस्थामा स्यानिटरी प्याड १९५१२ थान द मेडिको क्लिनिक सेन्टर बाट खरिद गरी मु.अ.कर सहित रु.१३,४४,९६२/-भुक्तानी दिएकोमा वितरण नगरी जिन्सीमा राख्ने कार्य नियम संगत नभएकोमा वितरण गरेको भर्पाइ पेश हुनु पर्ने रु. | १३४४९६२ | |
| | **गाउँपालिका स्वास्थ्य पुँजिगतः** | | |
| **५४.** | **शिर्षक विपरित खर्चः** (गो.भौ.नं २/३/२५) - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ अनुसार सालबसाली विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षक तथा उपशिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यका निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था छ।कार्यालयले मेशिनरी औजार तथा उपकरण एंव स्वास्थ्य संस्थाहरुका लागि फर्निचर खरिद वापत रु.२,००,०००।छुटयाइएबाट फरक निम्नानुसार मसलन्द खर्च गरेको अनियमित रु. | ११९०२४ | |

| क्र.सं | फर्मको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|
| १. | मिलन बुक एण्ड स्टेशनरी | मसलन्द दर्ता/चलानी | १०३२० |
| २. | मिश्र स्टोर | कार्यालय सामाग्री तौलिया खोल पर्दा | २७५२० |
| ३. | श्री हंस सर्जिकल | माक्स/ग्लोब्स आदी | २४१६० |
| ४. | पि एण्ड पि ट्रेडर्स | माक्स सेनिटाइजर आदी | ५७०२४ |
| **जम्मा** | | | **११९०२४** |

| | | | |
|---|---|---|---|
| | **आन्तरिक आम्दानीः** | | |
| **५५.** | **<u>मु.अ.कर दाखिला गर्न बाकीः</u>** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गरी समयमै कर दाखिला गर्नुपर्ने व्यवस्था छ । स्थानिय सेवा व्यवसाय तथा सरसफाइ शुल्क संकलन कार्यको लागि सुगम गुरुङ संग मिति २०७६/४/1 को सम्झौता बमोजिम मु.अ.कर समेत रु.२५,००,०००। मा अग्रिम | | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्यौट</th></tr>
<tr><td></td><td>बुझाए वापत १० प्रतिशत छुट वापत रु.२,५०,०००।कट्टा गरी रु.२२,५०,०००। मु.अ.कर समेत असुल गरेकोमा मुल्य अभिवृद्धि कर रु.२,५८,८५०। रकम संघिय संचित कोष राजश्व खातामा दाखिला गर्न बाकी रहेकोले दाखिला हुनु पर्ने रु.</td><td>२५८८५०</td><td></td></tr>
<tr><td>५६.</td><td><u>कोभिड-१९ को आम्दानी खर्च</u>ः कोभिड-१९ को आय तथा खर्च निम्नानुसार रहेको छ।
<table>
<tr><th>स्रोत</th><th>आम्दानी</th><th>खर्च</th><th>बाँकी मौज्दात</th></tr>
<tr><td>प्रदेश सरकार</td><td>२५०००००</td><td rowspan="5">७११३०१५.८८</td><td rowspan="5">५०५०७९२.१२</td></tr>
<tr><td>कार्यालय</td><td>४५०००००</td></tr>
<tr><td>कर्मचारी</td><td>५५०००</td></tr>
<tr><td>पदाधिकारी</td><td>५०००</td></tr>
<tr><td>अन्य</td><td>१४२०२८३</td></tr>
<tr><td>जम्मा</td><td>८४८०२८३</td><td>७११३०१५.८८</td><td>५०५०७९२.१२</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>५७.</td><td><u>प्रधानमन्त्री रोजगार कार्यक्रम</u> - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९५ जनालाई रोजगारी उपलव्ध गराई रु.१८,२९,७५४।- खर्च गरेको छ । लक्षित वर्गलाई औषत २६.५२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td><td></td></tr>
<tr><td>५८.</td><td><u>आन्तरिक लेखा परीक्षण तर्फ</u> - कार्यालयबाट गरिएको आन्तरिक लेखा परीक्षणसंग सम्बन्धित व्यहोरा पूर्ण रुपमा प्राप्त नभएकोले यससंग सम्बन्धित अन्य व्यहोरा यकिन गर्न सकिएन ।</td><td></td><td></td></tr>
<tr><td>५९.</td><td><u>बेरुजु तथा सम्परीक्षण</u>- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ को १ मा लेखापरीक्षण प्रतिवेदनमा दर्शाएका वेरुजु नियमित, असूल उपर तथा सम्परीक्षण गरी फर्छ्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था छ। पालिकाको गत विगत वर्षको बेरुजू रु.१८५६६ हजार रहेकोमा निम्नानुसार रु.७२८२ हजार फछ्र्यौट गरि पेश भएकोले सम्परीक्षण गरीएको छ। बाँकी बेरुजूफछ्र्यौट गर्न पालिकाको ध्यान जानु पर्दछ।
<table>
<tr><th>दफा</th><th>आर्थिक वर्ष</th><th>बेरुजुको व्यहोरा</th><th>बेरुजु रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>फछ्र्यौट रकम</th></tr>
<tr><td>२२</td><td>२०७५/७६</td><td>विद्यालयको कार्य सम्पन्न प्रतिवेदन तथा दाखिला प्रतिवेदन पेश नभएको</td><td>५७८००००</td><td>निम्नानुसारका विद्यालयको कार्य सम्पन्न प्रतिवेदन तथा दाखिला प्रतिवेदन पेश भएको<br>क) त्रिभुवन आ.वि.को भवन निर्माण रु. १५३००००<br>ख) जनता मा.वि.ले सुचना प्रविधि, फर्निचर, बालि विज्ञान तथा ल्याव स्थापना रु. ४२५००००</td><td>५७८००००</td></tr>
<tr><td>२४</td><td>२०७५/७६</td><td>बढी माशिक सुविधा</td><td>१८७०००</td><td>पदाधिकारको बढी माशिक सुविधा स्थानिय संचिति कोष खातामा विभिन्न मितिमा दाखिला भएको प्रमाण पेश</td><td>१८७०००</td></tr>
<tr><td>३०</td><td>२०७५/७६</td><td>औषधी आम्दानी नबाधेको</td><td>१३१५०००</td><td>औषधी खरिदको हस्तान्तरण फारम तथा संबन्धित स्वास्थ्य संस्थाको जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश</td><td>१३१५०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७२८२०००</td><td></td><td>७२८२०००</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>६०.</td><td><u>संचितकोष तथा बेरुजुको स्थिति</u> – पालिकाको संचितकोषको विवरण, बेरुजु (विनियोजन, राजश्व , धरौटी र अन्य कारोबार) वर्गीकरण र अद्यावधिक बेरुजुको स्थिति क्रमशः अनुसुची-१, अनुसुची-२ र अनुसुची-३ मा समावेश गरिएको छ।</td><td></td><td></td></tr>
</table>

## झापा गाउँपालिका, झापाको सञ्चित कोष विवरण -अनुसुची १

## २०७६।७७

(रु.हजारमा)

| क्र.सं | स्थानिय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजु रकम | बेरुजु प्रतिशत | आय | | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजश्व बाडँफाड रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ७ | ८ | ९ | १०(७+८+९) | ११(१+६-१०) |
| १. | झापा गाउँपालिका | झापा | १०००१३९ | ५९८५ | ०.६० | ८०७६० | ४१९८७० | ६५४०७ | १३२९९ | २१०५० | ५१९६२६ | ३०५७८२ | १५९४०५ | १५३२६ | ४८०५१३ | ११९८७३ |

## बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार) — अनुसुची २

## २०७६।७७

(रु.हजारमा)

| सि.नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछर्यौट | | | बाकी बेरुजु | | | बाकी बेरुजु | | | | | | पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | कर्मचारी | अन्य | जम्मा |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | | |
| १. | झापा | झापा गाउँपालिका | ३९ | २२ | ६१९९ | ० | २ | २१४ | ३९ | २० | ५९८५ | ७७५ | ११९ | ५०९१ | ० | ० | ५२१० | ० | ० | ० |

## अद्यावधिक बेरुजु स्थिति— अनुसुची ३

## २०७६।७७

(रु.हजारमा)

| क्र.सं | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | समायोजन | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | सम्परीक्षण गर्न नमिलेको रकम | कारबाही गर्न बाकी रकम | गत वर्ष सम्मको बाकी रकम | सं.पबाट कायम बेरुजु | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | झापा गाउँपालिका | झापा | १८५६६ | ० | ७२८२ | ७२८२ | ० | ० | ११२८४ | ० | ५९८५ | १७२६९ | ० |